# नाम्खा गाउँपालिकाको सार्वजनिक सुनुवाईको प्रतिबेदन



सुनुवाई कार्यक्रम स्थल

मिति : २०८०।४।२८

स्थान : महावौद्ध मावि याल्वाङ

समय : बिहान ११ वजेबाट

सहभागी संख्या : ९३ जना कार्यक्रममा उपस्थित

कार्यक्रम सञ्चालन अबधि : चार घण्टा,



सुनुवाई कार्यक्रमका सहभागीहरु ।

CamScanner

सुनुवाई सञ्चालनका नियमहरु

- प्रश्ना सिधा र उत्तर आउने खालको हुनुपर्ने,
- प्रश्नाकर्ताले पालैपालो आफ्नो परिचय सहित सोध्नु पर्ने,
- कसै प्रति ब्यक्तिगत आक्षेप लगाउन नपाईने,
- प्रश्नामा गाली गलौज गर्ज नपाईने,
- सिधै दोष लगाउन पाउने गरि प्रश्ना सोध्न नपाईने,
- प्रश्नाहरु सत्य, तत्थ्य र प्रमाणमा आधारित हुनुपर्ने,
- संस्थागत प्रतिकृया आउने खालको हुनुपर्ने,
- कोसंग लक्षित प्रश्ना हो एकिन हुनुपर्ने,
- गाउँपालिकाले सम्पादन गरेका कार्य प्रति प्रश्ना लक्षित हुनुपर्ने,

उद्धेश्य : नाम्खा गाउँपालिकाले आर्थिक वर्ष ०७९।०८० मा सञ्चालन गरेका हरेक गतिबिधिहरुको सेवाग्राहीहरुलाई जानकारी गराउनु ।

**सुनुवाई कार्यक्रम सञ्चालन बिधि :**

- सेवाग्राहीको प्रत्यक्ष उपस्थितीमा सवाल जवाफ,
- फेसबुकबाट लाईभ,
- नेपाल चेक र नेपाल बोट अनलाईनबाट फेसबुकबाट प्रत्यक्ष प्रशारण,
- प्रतिकृया एसएमएसबाट लिने गरिएको,
- सेवा प्रदायक निकायबाट जवाफ दिने,
- लेखेर प्रतिकृया दिने ब्यवस्था,

समय सिमा : प्रतिकृयाका लागि सहभागीहरुका लागि पाँच मिनेटको समय तोकिएको थियो ।

रोहबर : राजनीतिक दल, सुरक्षा निकाय, समाजसेवी, नागरिक समाज, गैसस र सञ्चारकर्मी,

**कार्यक्रम सञ्चालन प्रकृया**

अनौपचारिक कार्यक्रम भएको कारण सिमकोट गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीयक अधिकृत, वडा अध्यक्ष र फाँट प्रमुखलाई प्रमुख जिम्मेवार ब्यक्तिका रुपमा राखिएको थियो ।

**कार्यक्रम सञ्चालन तालिका**

- गाउँपालिकाबाट आर्थिक ०७९।०८० मा सञ्चालन भएका गतिविधि प्रस्तुती,
- सेवाग्राहीका प्रतिकृया,
- सम्वन्धित ब्यक्तिबाट जवाफ,

CamScanner

- चित्त नबुझेर सेवाग्राहीबाट पून सोध्न सकिने,
- त्यसको जवाफ पून जवाफ,
- क्रमश प्रश्ना सोध्न सकिने,
- त्यसको पनि जवाफ दिनुपर्ने,



कार्यक्रमका लागि नाम्खा पुगेका सञ्चारकर्मीहरु

सुनुवाईमा देखिएका पक्षहरु

- प्रत्येक फाँट प्रमुखलाई जिम्मेवार र जवाफदेही बनाईएको,
- साढे सय भन्दा बढी सञ्चालन भएका कृयाक्लापहरुको प्रस्तुती,
- टुक्रे योजनालाई प्राथमिकता,
- न्युन बजेट विनियोजित भएको योजना सञ्चालन,
- ३३ करोडको बजेट प्रस्तुती
- समयमै छात्रबृद्धि र खाजाको बजेट निकासा,
- तलवी भरपाई तयार नपारिएको ,
- स्वास्थ्यको पहुँच वस्ती स्तरमा,
- सुरक्षित खानेपानीको पहुँच बृद्धि
- गुम्वा निर्माणलाई प्राथमिकता,
- मिलान कोषका लागि गाउँपालिकाले बजेट ब्यवस्था गरिएको,
- सडक  प्राथमिकता,
- आन्तरिक राजस्व कमी
- कर असुलीको सुरुवात,

- पर्यटन क्षेत्रको बिकासलाई प्राथमिकता

## सुनुवाईमा उठेका सवाल

- लक्षित वर्गलाई प्राथमिकता राख्न नसकिएको,
- टुक्रे योजनालाई प्राथमिकता दिन नहुँने,
- पहुँचका आधार योजना बाँडफाँड,
- खास सेवाग्राहीको उपस्थिती हुन नसकेको ,
- पाँच लाख माथिका योजनामा बजेट बाँडफाँड गर्न सुझाव ,

- प्राथमिकताका आधारमा योजना छनौट हुन नसकेको,
- साझेदार निकायसंग समन्वयको अभाव,
- आवाधिक योजना निर्माण भएको ,
- योजना वैक निर्माण र कार्यान्वयन,
- राजस्व बृद्धिमा ध्यान दिन नसकेको,
- परनिर्भर बजेटको अवस्था,
- शिक्षक दरबन्दी मिलान हुन नसक्नुको कारण,
- युवामैत्री बजेट नभएको ,
- जिम्मेवारी बाँडफाँड राम्रो,
- सिमित साधन श्रोत भएको गुनासो,
- देखिने गरि काम गर्न सुझाव,
- सञ्चारको पहुँचमा समस्या,
- मागमा आधारिक कृयाक्लाप गर्न आग्रह,

CamScanner



सुनुवाईबाट आएका र बजेट तथा कार्यक्रमले ध्यान दिनु पर्ने पक्ष

- शिक्षा र स्वास्थ्यलाई भन्दा अन्य क्षेत्रलाई प्राथमिकता,
- टुक्रे योजनालाई निरुत्साही गर्नुपर्ने,
- समन्वय र सहकार्यलाई प्राथमिता दिनुपर्ने,
- दिगो बिकासलाई प्राथमिकता,
- आबश्यकतामा आधारित योजना निर्माण,
- गुणात्मक शिक्षालाई जोड,
- गुणस्तरीय स्वास्थ्यमा जोड,
- गुणस्तरीय दिर्घकालीन पुर्वाधार निर्माण जोड,
- अनाबश्यक कर्मचारी भर्ना गर्न नहुने,

निष्कर्ष

तेस्रो पक्षबाट नाम्खा गाउँपालिकाले जसरी सार्वजनिक सुनुवाइ गर्ने कार्य गरेको छ । यो पारदर्शीता र शुसासनका लागि एक महत्वपुर्ण कडीमा रुपमा लिन सकिन्छ । आफुले एक वर्षमा गरेका कार्यहरुको सेवाग्राहीहरुलाई जसरी सार्वजनिकीकरण गर्ने यो प्रयत्नले जिल्लाका अन्य सेवाप्रदायक निकायहरुलाई पनि यो कार्य गर्न झकझक्याउने देखिन्छ । यो कार्यक्रममा आएका पक्षलाई गाउँपालिकाले राम्रोसंग ध्यान दिनेछ छ र सुधार गर्नुपर्ने पक्षलाई सुधारेर लिनेछ भन्ने बिस्वास गरिएको छ । अहिले उठेका कुरालाई नसुधारेमा यसरी गरिएको कार्यक्रमको औचित्य माथि नै प्रश्ना-चिन्ह खडा हुनेछ । त्यसैले दोस्रो पटक नाम्खा गाउँपालिकाले जसरी यो कार्य गरेको छ । त्यसलाई सकरात्मक रुपमा लिदै यसले बिधिको शासन सञ्चालन गर्न सहयोग पुग्ने निष्कर्ष निकाएको छ । गाउँपालिकाले तेस्रो पक्षका रुपमा महासंघलाई यो भुमिका निर्वाग गर्ने जुन अवसर दिएको छ । त्यसप्रति महासंघ आभार समेत ब्यक्त गर्दछ ।




सार्वजनिक सुनुवाई कार्यक्रमका सहभागीहरु

सुनुवाईको प्रतिबेदन प्रस्तुतकर्ता

पत्रकार महासंघ

जिल्ला शाखा, हुम्ला

मिति : २०८०।४।२९ गते

# सम्झौता पत्र

यस कार्यालयको मिति २०८०।४।१५ गतेको कार्यपालिकाको बैठकको निर्णयानुसार यस गाउँपालिकाको आ व २०७९।०८० को बार्षिक सार्वजनिक सुनुवाइ गर्ने कार्यक्रम रहेको र यसका लागि दोस्रो पक्षलाइ कार्यक्रम संचालन गर्ने परिपाटी अनुसार यस गाउँपालिका (पहिलो पक्ष) र हुम्ला जिल्लाको पत्रकार महासंग नेपाल वीच तपसिलको सर्तमा कार्यक्रम सन्चालन गर्ने गरी दुइ पक्षिय सम्झौता गरी लियौं दियौं ।

**सर्त**

१. पहिलो पक्षले गरेको निर्णय अनुसार तोकिएको मिति २०७९।०८० गते गाउँपालिकाको याल्वाङ स्थित महाबौध्द मा विको सभाहलमा कार्यक्रम दोस्रो पक्षले सहजीकरण गर्नुपर्ने छ ।

२. दोस्रो पक्षलाइ सहजीकरण गरेवापत रु २५००००। (दुइ लाख पचास हजार) पहिलो पक्षबाट उपलब्ध गराइने छ । उक्त रकमको कानुन बमोजिम लाग्ने कर कट्टी गरी बाँकी रकम मात्र भुक्तानी दिइनेछ ।

३. पहिलो पक्षले सहजीकरण गरे वापतको रकम कार्यक्रम सम्पन्न भएपछि एकमुष्ट भुक्तानी दिइने छ ।

४. कार्यक्रमको व्यवस्थापन खर्च दोस्रो पक्ष आफैले व्यहोर्नुपर्ने छ ।

५. कारणवस कार्यक्रम रोकिए पनि माथि उल्लेखित बजेटमा दोस्रो पक्षले पहिलो पक्षले तोकेको मिति समय र स्थानमा गर्नुपर्ने छ ।

६. सार्वजनिक सुनुवाइको कार्यक्रम प्रतिवेदन पहिलो पक्षले अनिवार्य पेश गर्नुपर्ने छ ।

| | |
|---|---|
| **दोस्रो पक्ष** | **पहिलो पक्ष** |
| नामः राजन रावत | नामः मोहन वहादुर शाही |
| पदः अध्यक्ष | पदः निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| दस्तखतः | दस्तखतः |
| ठेगाना पत्रकार महासंघ महासंघ हुम्ला | ठेगानाः नाम्खा गाउँपालिका हुम्ला |
| मितिः २०८०।४।२४ | मितिः २०८०।४।२४ |

नाम्खा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय याल्वाङ, हुम्ला कर्णाली प्रदेश, नेपाल २०७३

नि. प्रमुख प्रशासकीय अधिकृत